# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)
# कोशी प्रदेश कार्यालय
ईटहरी,सुनसरी,नेपाल।

## सेवा करारमा लिने सम्बन्धमा।

(गोरखा पत्रमा प्रकाशित मिति २०८।०९।०९ )

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कोशी प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८२ आषाढ मसान्त सम्मका लागि प्राविधिक/ प्रशिक्षण तर्फ व्यक्ति सेवा करारमा लिनु पर्ने भएको हुदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरीकताको प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखास्त फारम कोशी प्रदेश कार्यलयको वेवसाईटमा रहेको विद्युतीय माध्यमबाट वा कोशी प्रदेश कार्यालयमा भौतिक रुपमा उपस्थितत भई तोकिएको पदहरुमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण( पद, न्युनतम शैक्षिक योग्यता, पाठ्य्यक्रम, परीक्षा प्रणाली, प्रशिक्षण कार्य गर्नुपर्ने शिक्षण संस्था, तलब भत्ता तथा अन्य सुविधा, दरखास्त दस्तुर, विद्युतीय Online आवेदन फाराम link आदि) परिषद् कार्यलय र कोशी प्रदेश कार्यालयको वेवसाईट www.ctevt.org.np, www.ctevtp1.org.np मा हेर्न सकिने छ।

फारम भर्नेको लागि link : http://surl.li/oafhsp

अध्यक्ष
सेवा करार व्यक्ति छनौट उप-समिति

# सेवा करार कर्मचारी मागको विवरण २०८१

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | काम गर्नुपर्ने संस्था |
|---|---|---|---|---|
| ०१(०८१।०८२) | कृषि प्रशिक्षक (पशुविज्ञान) | अ.स्तर तृतिय प्रा. | ४ (चार) | १.सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर (माग सं.३)<br>२. तेह्रथुम बहुप्राविधिक शिक्षालय, तेह्रथुम (माग सं.१) |
| ०२(०८१।०८२) | कृषि प्रशिक्षक (बालीविज्ञान) | अ.स्तर तृतिय प्रा. | १(एक) | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |
| ०३(०८१।०८२) | निर्माण प्रशिक्षक | अ.स्तर तृतिय प्रा. | ५ (पांच) | १.सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर (माग सं.१)<br>२.महुरेगढी बहुप्राविधिक शिक्षालय, खोटाङ्ग (माग सं.२)<br>३.दमक बहुप्राविधिक शिक्षालय, दमक, झापा (माग सं.२) |
| ०४(०८१।०८२) | सहायक लेक्चरर फिजिक्स | अ.स्तर तृतिय प्रा. | १(एक) | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |
| ०५(०८१।०८२) | सहायक लेक्चरर बाईलोजि (Biology) | अ.स्तर तृतिय प्रा. | १(एक) | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम |
| ०६(०८१।०८२) | फार्मेसी प्रशिक्षक | अ.स्तर तृतिय प्रा. | ३(तिन) | १.उत्तरपानी बहुप्राविधिक शिक्षालय, धनकुटा (माग सं.२)<br>२.रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम (माग सं.१) |
| ०७(०८१।०८२) | बन(Forestry)प्रशिक्षक | अ.स्तर तृतिय प्रा. | १(एक) | महुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला, खोटाङ्ग |
| ०८(०८१।०८२) | निर्माण सहायक प्रशिक्षक | स.स्तर प्र. प्रा. | १(एक) | दमक बहुप्राविधिक शिक्षालय, दमक, झापा |
| ०९(०८१।०८२) | फार्मेसी सहायक प्रशिक्षक | स.स्तर प्र. प्रा. | १(एक) | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम |
| १०(०८१।०८२) | कम्प्युटर सहायक प्रशिक्षक | स.स्तर प्र. प्रा. | १(एक) | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम |
| ११(०८१।०८२) | मर्मत(विद्युत)प्रशिक्षण सहायक | स.स्तर द्वितिय प्रा. | १(एक) | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |

| **शैक्षिक योग्यताः** |
| --- |
| **सहायक लेक्चरर(फिजिक्स);** मान्यता प्राप्त शिक्षण संस्थावाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण । |
| **सहायक लेक्चरर(बाईलोजि);** मान्यता प्राप्त शिक्षण संस्थावाट माईक्रोबाईलोजिमा स्नाकोत्तर तह वा सो सरह उत्तिर्ण भएको । |
| **निर्माण प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भई सम्बन्धीत परीषद् मा दर्ता भएको । |
| **कृषि प्रशिक्षक( बाली विज्ञान);** मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि(वाली बिज्ञान) विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको । |
| **कृषि प्रशिक्षक( पशु विज्ञान);** मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि(पशुबिज्ञान) विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको । |
| **फर्मेशी प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट फर्मेशी विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको । |
| **बन (Forestry) प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धीत विषयमा स्नतक तह वा सो सरह उत्तिर्ण भएको । |
| **फर्मेशी सहायक प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट फर्मेशी विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण भएको । |
| **कम्प्युटर सहायक प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सीप परीक्षा तह ३ उत्तिर्ण वा सो सरह उत्तिर्ण भएको । |
| **निर्माण सहायक प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सीप परीक्षा तह ३ उत्तिर्ण वा सो सरह उत्तिर्ण भएको । |
| **मर्मत(वुद्युत) प्रशिक्षण सहायकः** मान्यता प्राप्त शिक्षण संस्थावाट विद्युत विषयमा प्राविधिक एस.एल.सी तह वा सीप परीक्षा तह २ उत्तिर्ण वा सो सरह उत्तिर्ण भएको । |

१. आवेदन दिने अन्तिम मितिः २०८१/ ०९ / २३

२. उमेर हदः अधिकृत स्तर तृतिय प्राविधिक र सहायक स्तर प्राविधिक २१ वर्ष पुगि ५० वर्ष ननाघेको। "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ ।

३. आवेदन दस्तुरः अधिकृत स्तर रू १०००।-, सहायक स्तर प्रथम रु ४००।– , सहायक स्तर द्बितिय रु ३००।– आवेदकले ConnectIPS वा राष्ट्रिय वाणिज्य बैकमा जम्मा गरेको भौचार Upload गर्ने ।( खाताको विवरण सि.टि.ई.भि.टी, कोशी प्रदेश कार्यालय खाता नः २५५०१००००१२७८००१ (CTEVT KOSHI PROVINCE OFFICE))

४. पाठ्यक्रमः परीषद्को सेवा प्रवेशको सम्बन्धित सेवा समुह उप-समुहको स्तर, श्रेणी र पदको पाठ्यक्रममा व्यवस्था भएको सेवा सम्बन्धी दोस्रो पत्रबाट बस्तुगत बहुउत्तर परीक्षा प्रणाली हुनेछ। पाठ्यक्रम www.ctevt.org.np मा गई Career भन्ने Option बाट हेर्न सक्नुहुने छ।

५. **व्यवसायिक परिषद् दर्ताः** प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरखास्त दिने उम्दवारले आफ्नो उपाधिसंग सम्बन्धित पेशा व्यावसायिक काम गर्ने सम्बन्धित परिषद् लगायत पेशगत संगठनहरुमा दर्ता हुनुपर्ने प्रावधान रहेकोले सम्बन्धित व्यावसायिक परिषद् दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि/अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

६. **परीक्षको किसिमः**लिखित तथा अन्तर्वाता**(परीक्षाको किसिम तथा अङ्क भारः अङ्क भार तथा प्रतियोगिताको किसिम सेवा सम्बन्धी दोश्रो पत्रबाट १ (एक) घण्टाको समयमा लिईनेछ। बस्तुगत बहुउत्तर परीक्षा प्रश्न संख्या ५० र प्रति प्रश्न अङ्क २ हुनेछ। कुल पुर्णङ्क १०० र उत्तिर्णङ्कः ४० हुनेछ।)**

७. समकक्षताः निर्धदारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धरण गरेको प्रतिलिपीस्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन।

८. लिखित परीक्षामा सफल उमेरद्वारले Online आवेदन फारम भर्दा Upload गरीएका कागजातहरुको सक्कल प्रमाण पत्रहरु अन्तवार्ता दिन आउदा लिएर आउनु पर्ने छ । अन्तवार्ता पुर्व रुजु गर्दा कुनै कैफियत वा ढांटेको पाइएमा त्यस्तो उम्मेदवारलाई आन्तवार्तामा समावेश गराईने छैन र निजको दरखास्त रद्ध गरिने छ। सफल उम्मेदवार लाई योग्यता क्रमको आधारमा शिक्षालय छनोट गराईने छ।

९. तलब भत्ता र सुबिधाः परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९(संशोधन सहित) बमोजिम हुनेछ।

१०. परीक्षा मिति कोशी प्रदेश कार्यालय(CTEVT) को Website मा पछि प्रकाशन गरिने छ।